०८८-४११०६०

# वनगाड कुपिण्डे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स.: २०७८/०७९ मितिः२०७८/१२/२८

च.न.: १८६२

श्री वडा कार्यलय सबै।

विषयः आर्थिक वर्ष २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्नु पर्ने आयोजना छनौट गरी पठाउने सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बाट मिति २०७८/१२/०६ च.नं. १३६२ प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० बजेट तथा कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना समाबेश गरी सशर्त अनुदान मार्फत कार्यन्वयनका लागि सबै वडातहबाट आयोजनाहरुको सङ्कलन/प्राथामिकीकरण गरी मिति २०७९ बैशाख ५ गते भित्र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा बुझाउनुहुन अनुरोध छ। साथै मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुको क्षेत्राधिकार तथा कार्यविधि यसै पत्रका साथ संलग्न गरिएको छ।

..................................

चक्र बहादुर रावत

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७८/७९ (योजना) चलानी नम्बर : १२६८ मितिः २०७८/१२/०६

श्री स्थानीय तह, सबै।
श्री सामाजिक विकास कार्यालय, सबै,
कर्णाली, प्रदेश।

विषयः **आर्थिक वर्ष ०७९/८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यान्वयन गर्नु पर्ने आयोजना छनौट गरी पठाउने सम्बन्धमा।**

आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतका आयोजना समावेश गरी सशर्त अनुदान मार्फत कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्थाका लागि आयोजना छनौट तथा स्वीकृतिका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को विभिन्न दफामा रहेका व्यवस्थालाई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा २१ बमोजिम बाधा अड्काउ फुकाउने निर्णय भएकाले वडातहबाट आयोजनाहरूको सङ्कलन/प्राथमिकीकरण गरी मिति २०७८ बैशाख १५ गते भित्र सम्बन्धित जिल्लाको आयोजना सिफारिस तथा समन्वय समितिमा पठाउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यान्वयन हुने आयोजना छनौट तथा स्वीकृतिका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा गरिएको बाधा अड्काउ फुकाउको मुख्य-मुख्य निर्णय देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ।

देहायः

१. **आयोजना क्षेत्र/उपक्षेत्र र श्रमिक-सामाग्री अनुपातः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३ मा *बुँदा नं. क देखी ट सम्मका कार्यक्रमका क्षेत्रको* सट्टा देहाय तालिकाको क्र.स.१ देखी ६ सम्मका क्षेत्र र ६.१ देखी ६.३ सम्मका उपक्षेत्र बमोजिम कार्यक्रमको क्षेत्र तथा उपक्षेत्र निर्धारण गर्ने। ऐ. कार्यविधिको दफा ७ र अनुसूची-५ बमोजिमको श्रमिक र सामाग्री अनुपात देहायको तालिका बमोजिम कायम गर्ने:

| क.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामग्री खरिद (अधिकतम) |
| १ | सतह सिंचाई | ६० | ४० |
| २ | खानेपानी | ६० | ४० |
| ३ | तालतलैया/ जलाशय/ पानी सङ्कलन पोखरी | ७० | ३० |

दर्ता: ९६३५ मिति: २०७८/१२/१२

श्री रोजगार शाखा ... पठाउनु ... १२/१२

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-५२५६१८, ५२४७७४

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७८/७९ (योजना)　　　　चलानी नम्बर :

| क.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामग्री खरिद (अधिकतम) |
| ४ | सडकमा पक्की नाला/ढल | ५० | ५० |
| ५ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ६ | पर्यटन पूर्वाधार | | |
| ६.१ | पदमार्ग | ७० | ३० |
| ६.२ | पर्यटक विश्राम स्थल | ७० | ३० |
| ६.३ | सामुदायिक भवन | ५० | ५० |

२. <u>आयोजना छनौट प्रकृया सम्बन्धमा:</u> मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ मा रहेको आयोजना छनौट सम्बन्धी व्यवस्थाको सट्टामा आर्थिक वर्ष २०७९/०८० को लागि देहाय बमोजिमको आयोजना सङ्कलन तथा छनौट गर्ने प्रकृया निर्धारण गर्ने:

(क) सम्बन्धित स्थानीय तहको वडा समितिले सम्भव भए सम्म वडा भेला गरी प्रति आयोजना कम्तिमा रु. १५ लाख सम्मका ५ वटा आयोजना छनौट तथा प्राथमिकता निर्धारण गरी सम्बन्धित स्थानीय तहमा मुख्यमन्त्री रोजगार सूचना प्रणाली मार्फत पठाउने।

(ख) सम्बन्धित स्थानीय तहले वडाबाट प्राथमिकता क्रम सहित प्राप्त सबै आयोजनालाई रुजु गरी कार्यपालिकाबाट निर्णय गरी सम्वन्धित जिल्लाको आयोजना सिफारिस तथा समन्वय समितिमा सिफारिस गरी पठाउने।

(ग) <u>आयोजना सिफारिस तथा समन्वय समितिको गठन देहाय बमोजिम गर्ने-</u>

१. सम्बन्धित निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य　　-संयोजक

२. सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यहरु　　- सदस्य

३. सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष　　-सदस्य

४. जिल्ला स्थित प्रदेश सरकार मातहतका विषयगत कार्यालय प्रमुखहरू　　-सदस्य

५. सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयको प्रमुख　　-सदस्य सचिव

(घ) सिफारिस तथा समन्वय समितिले स्थानीय तहबाट प्राप्त आयोजना मध्येबाट प्रत्येक वडाबाट ३ वटा आयोजना पर्ने गरी प्राथमिकताक्रम अनुसार सिफारिस गरी निर्देशक समितिमा पठाउने।

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७८/७९ (योजना) चलानी नम्बर :

(ङ) सिफारिस तथा समन्वय समितिबाट प्राप्त आयोजना मध्येबाट निर्देशक समितिले उपयुक्त आयोजना छनौट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा पठाउने।

(च) आयोजना सङ्कलन, छनौट तथा सिफारिस, स्वीकृति र कार्यान्वयन सम्मका सवै कार्यमा मुख्यमन्त्री रोजगार सूचना प्रणाली (cmep.karnali.gov.np) को अनिवार्य प्रयोग गर्ने।

थप जानकारी तथा सम्पर्कका लागि शाखा अधिकृत युवराज न्यौपाने, ९८४८१५७७९७।

(केशवप्रसाद उपाध्याय)
उपसचिव

वोधार्थ:

श्री सामाजिक विकास मन्त्रालय- *सम्बन्धित सामाजिक विकास कार्यालयहरूलाई आयोजना सिफारिस तथा समन्वय समितिको बैठक आयोजना गरी जिल्लातहबाट निर्देशक समितिमा बैशाख मसान्त भित्र आयोजना सिफारिस गर्ने कार्यका लागि निर्देशन हुन।*

माननीय मुख्यमन्त्रीज्यूको सचिवालय,

श्रीमान् प्रमुख सचिवज्यू तथा सचिवज्यूहरूको सचिवालय,